आज मिति २०७५/०६/१० गते दिनको १२:३५ बजे रुक्मिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त ब.प्रजा

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले मैना

सदस्य : श्री गौरीमायां स्याङ्गतान गौरी

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां वि.क. सु क

सदस्य सचिव : श्री रामकुमार पुडासैनी

माईन्युट सहयोगी :

लेखापाल त्रिलाक थापा

CamScanner

**छलफल तथा निर्णयहरु**

**निर्णय नं. १**

यस गाउँपालिकामा चालु आर्थिक वर्ष तथा गएको आर्थिक वर्षका सम्बन्धमा सञ्चालित योजना तथा कार्यक्रमहरुको बारेमा सबै कार्यपालिका सदस्यहरुमार्फत समिक्षा छलफल भयो ।

**निर्णय नं. २**

यस गाउँपालिकाको कार्यपालिकाको नियमित बैठक साविकमा हरेक महिनाको ७ गते र २४ गते गरी दुईपटक बस्दै आएकोमा अब उप्रान्त कार्यपालिकाको नियमित बैठक हरेक महिनाको ७ गते राख्ने र सो दिन सार्वजनिक विदा वा अन्य विदा पर्न गएको खण्डमा कार्यालय खुलेको कार्यालय दिनमा पालिकाको बैठक सञ्चालन गर्ने निर्णय गरियो । त्यसैगरी हरेक महिनाको नियमित बैठक बाहेक अन्य कार्यपालिकाको बैठक आवश्यकतानुसार बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गाउँपालिकामा चालु आर्थिक वर्षका लागि स्वास्थ्य शाखा अन्तरगत शशर्त बजेटमा प्राप्त भएको बजेट मध्य तपसिल बमोजिमको शिर्षकहरुमा देहाय बमोजिम रकम अपुग हुने भएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सो अपुग हुने रकम माग गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | अपुग हुने रकम |
|---|---|---|
| १ | स्वास्थ्य कर्मचारीको तलब | १६ लाख |
| २ | भिटामिन ए कार्यक्रम | १० हजार |
| ३ | महिला स्वयंसेविका पोशाक | ३० हजार |
| ४ | स्वास्थ्य कर्मचारी पोशाक | ६० हजार |
| ५ | अनमी पारिश्रमीक | २ लाख ६६ हजार |
| **जम्मा** | | **१९ लाख ६६ हजार** |

**निर्णय नं. ४**

यस गाउँपालिकाको अन्तरगत वडा कार्यालयहरुमा कार्यरत वडासचिवहरुलाई तपसिल बमोजिम तपसिल बमोजिमको वडा कार्यालयहरुमा कामकाज गर्नेगरी तोक्ने निर्णय गरियो ।

ना.सु. श्री मुक्तिनाथ निरौला : वडा नं. १ र २ को कार्यालय

खरिदार श्री दशरथ गुँरागाँई : वडा नं. ७ को कार्यालय

स.ले.पा श्री चन्द्रलाल लामा : वडा नं. ३ र ४ को कार्यालय

ना.सु. श्री गिरीराज न्यौपाने : वडा नं. ६ र ८ को कार्यालय

ना.सु. श्री मदन विमली : वडा नं. ९ को कार्यालय

खरिदार श्री किरण खड्का : वडा नं. ५ को कार्यालय

**निर्णय नं. ५**

यस गाउँपालिका अन्तरगतका प्रत्येक वडा कार्यालय सञ्चालनका लागि प्रति वडा कार्यालय मासिक रु. ८०००।- का दरले प्रदान गर्ने र सोही रकम मध्यबाट प्रत्येक वडा कार्यालयले तपसिल बमोजिम खर्च गर्नुपर्ने निर्णय गरियो ।

CamScanner

वडासचिव सञ्चार खर्च बापत : रु. ५०० ।-

खाजा खर्च बापत : रु. १५०० ।-

कार्यालय सामान खरिदबापत : रु. ५०००।-

भैपरी खर्च बापत रु. : २०००।-

**निर्णय नं. ६**

यस गाउँपालिकाको तपसिल बमोजिम सडकहरुको निर्माण कार्य सम्पन्न गर्नका लागि डिपिआर गर्न कन्सल्ट्यान्सी हायर गर्ने निर्णय गरियो ।

१) चैनपुर साजग रानीबाङ्ग पंजनी मान्छाप गींगु रतुवा साइचा खैराङ्ग मलेखु सडक वडा नं. ५ र ४

२) चैनपुर कुतसिंह देवीटार गोठडाँडा मानेडाडाँ सडक वडा नं. ८

३) चैनपुर बाघमारा मैनटार गोठरी सुनरीसौरा बिरालीटार सडक वडा नं. ५, ३, २ र १

**निर्णय नं. ७**

यस गाउँपालिकाको जनप्रतिनिधिहरुका लागि गाउँ सभा, गाउँ कार्यपालिका तथा अन्य सभा समारोह तथा बैठकमा उपस्थिती हुनको लागि जिल्ला समन्वय समिति मकवानपुरसँग समन्वय गरी त्यस कार्यालयले तयार गरेको कार्यविधिले निर्धारण गर्ने पोशाकमा अनिवार्य उपस्थित हुने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकाका कार्यपालिकाका सबै पदाधिकारीहरुलाई तथा सूचना अधिकारीलाई सञ्चार सम्पर्क तथा समन्वयमा सहज तथा सहुलियत होस भन्ने उदेश्यले प्रति पदाधिकारी CUG (Customer User Group) सेवा सहितको Postpaid सिमकार्ड खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि छुट्टाएको बजेट तथा योजना समेतलाई मध्यनजर गरि अन्तरगतका वडा कार्यालयका वडाध्यक्षहरुका लागि १५० सिसि क्षमताको मोटरसाइकल ७ वटा र कार्यपालिकाको प्रशासनिक कामकाजको लागि आवश्यकता अनुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिकाले चालु आर्थिक वर्षमा ब्याक हो लोडर खरिदका लागि निर्णय भई वोलपत्र आव्हान भएको तर गाउँपालिकाको आवश्यकता अनुकूलको ब्याकहो लोडरको बोलपत्र नपरेको हुँदा साथै वोलपत्र आव्हान गर्ने, स्विकृत गर्ने तथा रद्द गर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहने हुनाले उपरोक्त ब्याकोलोडर हाललाई खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

चालु आर्थिक वर्षका लागि यस गाउंपालिकाले मिति २०७५ असार २२ मा सम्पन्न गाउँसभाबाट पारीत योजना तथा कार्यक्रमहरुमध्य गाउँपालिकालाई आवश्यक साइजको पोलिथिन पाइप खरिदका लागि बजेट संकेत नं. २०३० विषयगत शिर्षक नं. ११ मा पाइप खरिद कार्यक्रमका लागि रु. १५ लाख विनियोजन भएकोले उक्त पाइप खरिदका लागि लगत इष्टिमेट तयार गरी सिलवन्दी दरभाउपत्रको सूचना आव्हान प्रक्रिया मार्फत खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

CS CamScanner

यस गाउँपालिकाको जटिल भौगोलिक संरचना भएको तथा हालसम्म यस गाउँपालिकामा कुनै पनि बैंकको शाखा आइनसकेको सन्दर्भमा सामाजिक सुरक्षा भत्ता बैकमार्फत हाललाई उपलब्ध गराउन सकिने अवस्था नरहेको कारणले कोष तथा लेखा नियन्त्रक कार्यालय, हेटौडामा प्राप्त सामाजिक सुरक्षा भत्ता रकम दशैं अगाडिनै सम्बन्धीत व्यक्तिहरुलाई उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस गाउँपालिकाले मिति २०७५ भाद्र २८ गते प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनीको अध्यक्षतामा बसेको स्टाफ मिटीङको निर्णय यस कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

वर्षातको कारण यस गाउँपालिकामा रहेका मुल सडकहरु सहज रुपमा चालु अवस्थामा नरहेको कारणले दशैं अगाडि त्यस्ता सडकहरुको मर्मत संभारको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस गाउँपालिकाको विभिन्न वडाक्षेत्रमा विद्युत विस्तारको लागि आवश्यक पोल, ट्रान्सफर्मर तथा अन्य आवश्यक सामाग्री उपलब्ध गराउन यस गाउँपालिकाको सिमित स्रोतबाट मात्र सम्भव नभएको र गाउँपालिकाको नीति अनुसार ५ वर्ष हाम्रो गाउँ उज्यालोको ठाउँ बनाउने मूल नीति भएकोले सो विद्युत विस्तारको लागि आवश्यक रकम लगत स्टमेट सहित यसै आर्थिक वर्षमा योजना सम्पन्न हुनेगरी जलस्रोत मन्त्रालय तथा विद्युत प्राधिकरणलाई यथाशिघ्र कार्य सञ्चालनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस गाउँपालिकामा कामकाज गर्दै आइरहेका सामाजिक परिचालकहरु ३ जनालाई निजको करार अवधि थप गरि अध्यक्षको स्वकिय सचिव, उपाध्यक्षको स्वकिय सचिव तथा हेल्पडेस्कको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस गाउँपालिकामा चालु अवस्थामा रहेको सरकारी मोटरसाइकल चालक कर्मचारीहरुका लागि पेट्रोल पम्पसँग सम्झौता गरी पम्पले दिएको रसिदमार्फत प्रति चालक मासिक १५ लिटर बराबरको पेट्रोल इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

कुनै पनि वडाले चालु आर्थिक वर्षमा पारीत योजना तथा कार्यक्रम गाउँपालिकामा सम्झौता नगरी कार्यान्वयन नगर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस गाउँपालिकाको वडा नं. ९ मा पर्ने खैराङस्थित कोखारी टोलमा खैराङ सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्नका लागि वडा कार्यालयको सिफारीस, स्वास्थ्य चौकीको सिफारीस सहित उक्त सामुदायिक स्वास्थ्य इकाई सञ्चालनको लागि आवश्यक पर्ने २ कोठे भवन श्री कृषक ऋण तथा बचत सहकारी संस्थाले उपलब्ध गराउने मञ्जुरीनामा सहित माग भई आएकोले खैराङमा उक्त स्वास्थ्य इकाई स्थापना गर्नका लागि चालु आर्थिक वर्षमा पारीत योजना तथा कार्यक्रम संकेत नं. २०२० विषयगत शिर्षक : स्वास्थ्य अन्तरगत सि.नं. ११ मा गर्भवती समूह गठन ३८ संचालन (ख) को क्रियाकलाप टिका झन्डा टासमा रु.४ लाख विनियोजन भएकोमा सो शिर्षकको सट्टा खैराङ सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि खर्च गर्ने गरी आगामी गाउँसभाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै सोही रकमबाट उक्त स्वास्थ्य इकाई व्यवस्थापन गर्न हाललाई १ जना अ.हे.व र १ जना कार्यालय सहयोगी करारमा लिई स्वास्थ्य सेवा सञ्चालन गर्ने तथा उक्त स्वास्थ्य इकाईको निरन्तरता एवं दर्ताको लागि संघीय तथा प्रदेश सरकालाई लेखि पठाउने निर्णय गरियो

**निर्णय नं. २०**

यस राक्सिरांग गा.पा.को मनहरी देखि चैनपुर सम्म IEE गर्न रु.३,७०,०००/ (भ्याट समेत) र चैनपुर देखि गोराङदी दोभान सम्म IEE गर्न रु.३,७१,०००/ (भ्याट समेत) चालु आ.व.२०७५/७६ को खर्च संकेत नं.३११७२ को पुंजिगत अनुसन्धान तथा परामर्श शिर्षकबाट बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner